प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

बागमती प्रदेश

हेटौंडा, मकवानपुर, नेपाल

## नोभल कोरोना भाइरस (COVID-19) सम्बन्धि दैनिक प्रतिवेदन

मितिः २०७७/०३/०४

### १) मुख्यमुख्य क्रियाकलापहरुः-

- आज भक्तपुरका १ महिला र २ पुरुष, नुवाकोटका २ पुरुष, काठमाण्डौका १ महिला र १ पुरुष, ललितपुरका १ पुरुष, सिन्धुपाल्चोकका १ पुरुष, चितवनका १ पुरुष र सिन्धुलीका १ पुरुष गरी थप ११ जनामा कोभिड-१९ संक्रमण पुष्टि भएको छ भने संक्रमितका सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing) लगायत अन्य आवश्यक व्यवस्थापनको लागि सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय नगरपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालबाट परिचालित भएको टोलीले (काठमाण्डौ, भक्तपुर र ललितपुरको हकमा इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा समेतको समन्वयमा) द्रुत रुपमा कार्य गरिरहेको छ ।
- चितवन लगाएत विभिन्न जिल्लामा भएका कोभिड-१९ संक्रमितहरुको सम्बन्धित जिल्लाको स्वास्थ्य कार्यालय, स्थानीय नगरपालिका, गाउँपालिका, स्थानीय स्वास्थ्य संस्था एवम् अस्पतालहरु मार्फत संक्रमितको सम्पर्कमा आएका व्यक्तिको खोजी (Contact tracing), सम्पर्कितहरुको फलो-अप लगायत अन्य आवश्यक व्यवस्थापन निरन्तर रुपमा भईरहेको छ ।

### २) महामारीको हालको अवस्थाः-

- नेपालमा हाल सम्ममा जम्मा ७८४८ जनामा संक्रमण देखिएकोमा (स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको पछिल्लो अपडेट अनुसार) बागमती प्रदेशमा संक्रमितको संख्या जम्मा २४४ जना छ जसमा ५० जना निको भई डिस्चार्ज भईसकेको अवस्था छ (HEOC को २०७७/०३/०३ को तथ्यांक अनुसार डिस्चार्ज भएकाको विवरण राखिएको) ।
- बागमती प्रदेशमा संक्रमितहरु मध्ये ४ जनाको दुखद् मृत्यु भएको छ । मृतकप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छौ ।

### ३) कोरोना भाइरस (कोभिड-१९) रोकथाम, नियन्त्रण तथा प्रतिकार्य सम्बन्धि दैनिक प्रतिवेदनः-

- आज मिति २०७७।०३।०४ गते बेलुका ५:०० बजे सम्ममा बागमती प्रदेश अन्तर्गत कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी भएका गतिविधिहरूको विवरण निम्न बमोजिम रहेको छ। आज हेटौडा स्थित प्रदेश प्रयोगशालामा कोभिड-१९ परीक्षणको लागि ३२६ वटा नमुना (स्वाब) प्राप्त भएको थियो जसमध्ये रौतहटको ३ वटाको नतिजा पोजिटिभ आएको छ भने बाँकी ४८९ नमुना (स्वाब) परिक्षण हुने क्रममा छ ।
- आजसम्म हेटौडास्थित प्रदेश प्रयोगशालामा कोभिड-१९ परीक्षणको लागि ४८५७वटा नमुना प्राप्त भएको छ।

❖ यसको अतिरिक्त हालसम्म यस प्रदेशमा २९२४३ RDT परीक्षण गरिएकोमा ६५२ वटामा पोजिटिभ देखिएको छ ।

### ३) क्वारेन्टाइन, आइसोलेसन, आर.डी.टि.(RDT), पी.सि.आर.(PCR) परिक्षण सम्बन्धि विवरणः-

| जिल्ला | क्वारेन्टाईन | | होम क्वारेन्टाइनमा रहेका | आइसोलेसन | | RDT किटबाट गरिएको परिक्षण | | | (RT-PCR) परिक्षण सम्बन्धी विवरण | | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बेड | बसेका | | बेड | बसेका | जम्मा | नेगेटिभ | पोजेटिभ | जम्मा संकलित स्वाब संख्या | पोजेटिभ | |
| काठमाण्डौ | 1351 | 139 | 27 | 256 | 13 | 9576 | 9280 | 296 | 3716 | 30 | (+7) |
| ललितपुर | 137 | 17 | 6 | 124 | 27 | 2451 | 2438 | 13 | 1944 | 4 | (+1) |
| भक्तपुर | 313 | 39 | 21 | 42 | 0 | 1831 | 1823 | 8 | 1384 | 4 | (+5) |
| रसुवा | 277 | 13 | 0 | 35 | 0 | 501 | 490 | 11 | 32 | 0 | |
| नुवाकोट | 1192 | 422 | 323 | 16 | 11 | 2390 | 2312 | 78 | 480 | 15 | |
| धादिङ | 1163 | 287 | 456 | 100 | 86 | 2546 | 2426 | 120 | 750 | 86 | (+5) |
| चितवन | 2465 | 549 | 0 | 302 | 28 | 1357 | 1342 | 15 | 2106 | 37 | (+2) |
| सिन्धुली | 429 | 89 | 114 | 32 | 4 | 1157 | 1124 | 33 | 474 | 4 | (+2) |
| मकवानपुर | 352 | 94 | 269 | 35 | 2 | 1700 | 1683 | 17 | 780 | 4 | (+2) |
| रामेछाप | 331 | 92 | 6 | 71 | 17 | 862 | 856 | 6 | 339 | 19 | (+3) |
| दोलखा | 1185 | 239 | 1 | 41 | 0 | 1361 | 1355 | 6 | 156 | 0 | (+2) |
| काभ्रे | 803 | 86 | 66 | 13 | 0 | 2218 | 2180 | 38 | 416 | 0 | (+6) |
| सिन्धुपाल्चोक | 607 | 100 | 102 | 38 | 6 | 1293 | 1282 | 11 | 544 | 5 | (+1) |
| जम्मा | **10605** | **2166** | **1391** | **1105** | **194** | **29243** | **28591** | **652** | **13121** | **208** | **(+36)** |

\+ सम्बन्धित जिल्लाभन्दा अन्यत्रबाट प्राप्त विवरण अनुसार

### ४) बागमती प्रदेशमा संक्रमितहरुको विवरणः-

| क्र.स | जिल्ला | कोभिड-१९ संक्रमितको संख्या | | | अन्य विवरण |
|---|---|---|---|---|---|
| | | जम्मा | उपचाररत | डिस्चार्ज भएका | |
| १ | काठमाण्डौ | ३७ | | | |
| २ | चितवन | ३९ | | | २०७७/०२/२७ मा १ जनाको मृत्यु |
| ३ | भक्तपुर | ९ | | | |
| ४ | धादिङ | ९१ | | | |
| ५ | मकवानपुर | ६ | | | |
| ६ | काभ्रे | ६ | | | |
| ७ | सिन्धुपाल्चोक | ६ | | | २०७७/०२/०३ मा १ जनाको मृत्यु |
| ८ | ललितपुर | ५ | | | २०७७/०२/१४ मा १ जनाको मृत्यु |
| ९ | सिन्धुली | ६ | | | |
| १० | रामेछाप | २२ | | | |
| ११ | नुवाकोट | १५ | | | |
| १२ | दोलखा | २ | | | २०७७/०२/२१ मा १ जनाको मृत्यु |
| | जम्मा | २४४ | १९० | ५० | ४ मृत्यु |

स्रोतः सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश; HEOC (२०७७/०३/०४);स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मिडिया ब्रिफिंग (२०७७/०३/०४)

## ५) टेक्निकल अपडेटः-

❖ **कोभिड-१९ का प्राविधिक मार्गदर्शन र थप जानकारीका लागि निम्न उल्लेखित वेब पेज हेर्नको लागि हार्दिक अनुरोध छ।**

| | |
|---|---|
| कोभिड-१९ रोग बाट बचौं र बचाऔं | https://nheicc.gov.np/corona-virus-health-message/ |
| कोभिड-१९ बारे जानकारी राखौं | http://mosd.p3.gov.np/content/370/2020/65019532/ |
| | http://mosd.p3.gov.np/content/364/2020/33319866/ |
| अफवाहको पछि नलागौं ,सही जानकारी राखौं | http://mosd.p3.gov.np/content/368/2020/53726937/ |
| आर टि.डी.(RDT) र पी.आर.सि. (PCR) सम्बन्धी जानकारी | http://mosd.p3.gov.np/content/363/2020/62906522/ |
| प्राय सोधिने प्रश्न र तिनका उत्तरहरु | http://mosd.p3.gov.np/content/369/2020/97524448/ |
| हालको स्थिति र र प्राविधिक मार्गदर्शनका लागि | https://heoc.mohp.gov.np/update-on-novel-corona-virus-covid-19/ |
| अन्य थप जानकारीको लागि | https://covid19.mohp.gov.np/; heoc.mohp.gov.np/; edcd.gov.np/ |

❖ **विभिन्न अध्ययन र अनुसन्धानको तथ्यांकमा आधरित भएर हालसालै स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले परिमार्जित गरेको कोभिड-१९ को राष्ट्रिय परिक्षण निर्देशिकाले कोभिड-१९ परिक्षणको लागि निम्न बमोजिमको प्राथमिकता तोकेको छ । सो अनुसार कार्य गर्न सम्बन्धित सबै निकायलाई हार्दिक अनुरोध गरिन्छ ।**

पहिलो प्राथमिकता -

क) संक्रमणको जोखिम उच्च रहेका सबै शंकास्पद केसहरु (धेरै हिंडडुल गरेका, विदेशबाट वा संक्रमण उच्च रुपमा फैलिएको स्थानबाट फर्किएका)

ख) संक्रमित व्यक्तिहरु सँग सम्पर्कमा आएका व्यक्ति

दोस्रो प्राथमिकता -

क) अग्रपङ्क्तिमा रहेर काम गर्ने स्वास्थ्यकर्मी (डाक्टर, नर्स, प्रयोगशालाकर्मी, पारामेडिक्स) र सहयोगी स्टाफ (एम्बुलेन्स चालक, स्वास्थ्य संस्थाका सहयोगी स्टाफ)

ख) संवेदनशील कार्यमा खटिएका जनशक्ति (सुरक्षाकर्मी, फोहोरमैला व्यवस्थापनमा खटिएका जनशक्ति)

ग) कोभिड-१९ को शंका गरिएका बिरामी जसलाई आकस्मिक मेडिकल र सर्जिकल सेवाको आवश्यक छ

घ) शंकास्पद बिरामी जसको नतिजा प्रतिकुल हुन सक्दछ (पुरानो रोग भएका, वृद्ध)

<u>तेस्रो प्राथमिकता -</u>

क) संक्रमितको संख्या तीव्र रुपमा बढिरहेको समुदायका बासिन्दा

ख) कोभिड-१९ का लक्षण भएको तर माथि उल्लेखित समुहमा नपर्ने

<u>प्राथमिकतामा नपर्ने समुह -</u>

क) कोभिड-१९ का लक्षण नभएका , सक्रमित व्यक्तिसँग सम्पर्कमा नआएका र विदेशबाट वा संक्रमण उच्च रुपमा फैलिएको स्थानबाट नफर्किएका व्यक्ति

ख) आफै जाँच गर्न इच्छुक व्यक्ति

❖ **कोभिड-१९ को सन्धर्भमा प्रयोगमा आउने केहि मूख्य शब्दावलीहरूलाई यहाँ प्रस्तुत गरिएको छ ।**

➢ **संक्रमितको निकट सम्पर्कमा रहेको व्यक्ति भन्नाले यसप्रकार परिभाषित गरिन्छ :**

सम्भावित संक्रमित वा संक्रमण सुनिश्चित भएको व्यक्तिसँग लक्षण देखिएकोदिन भन्दा २ दिन पहिले वा लक्षण देखिएपछिका १४ दिन सम्ममा देहाय बमोजिम कुनै पनि प्रकारको सम्पर्कमा आएका व्यक्तिहरु:

१. निजसँग १ मिटर वा सो भन्दा नजिकैको दुरीमा १५ मिनेट वा सो भन्दा बढी समय ब्यतित गरेको,

२. नीजसँग प्रत्यक्ष शारीरिक संसर्गमा आएको,

३. व्यक्तिगत सुरक्षण सामाग्री (PPE)बीना नै संक्रमितलाई प्रत्यक्ष स्वास्थ्य स्याहार तथा हेरचाह गरेको,

४. हवाइजहाजमा यात्रा गर्दा नीज बसेको सिटभन्दा दुई सिट अघि, पछि, दायाँ वा बायाँ रहेका अन्य सिटमा बसी यात्रा गरेको ।

***नोटः*** *लक्षण नदेखिएता पनि प्रयोगशाला परिक्षणको नतिजाबाट संक्रमण पुष्टि भएको अवस्थामा, पोजिटिभ नतिजा आएको नमुना संकलन भएका मिति अघिः (स्थानीय संक्रमण पुष्टि भएको स्थानमा बसोबास भएको वा त्यस्तो स्थानको यात्रा गरी फर्किएको वा सम्भावित वा शंकास्पद वा संक्रमण निश्चित भएका व्यक्तिहरुसँग निकट सम्पर्कमा रहेको दिन देखि उक्त नमुना संकलन गरेको १४ दिन पछि सम्मको अवधिलाई सम्पर्क अवधि मान्नु पर्नेछ ।)*

- **संक्रमितको निकट सम्पर्कमा रही संक्रमणको उच्च जोखिम रहेको व्यक्ति भन्नाले यसप्रकार परिभाषित गरिन्छ :**

  १. सम्भावित संक्रमित, शंकास्पद संक्रमित वा संक्रमण सुनिश्चित भएको व्यक्तिसँग एकाघरमा बस्ने व्यक्तिहरु,

  २. निजहरु बिरामी भएको अवस्थामा आवश्यक सावधानी नअपनाई स्वास्थ्य स्याहार गर्ने व्यक्तिहरु, र

  ३. गर्भवती, मधुमेहका रोगी, अन्य दीर्घ रोग भएका व्यक्तिहरु र ६० वर्ष उमेर नाघेका व्यक्तिहरु।

- **सम्भावित संक्रमित भन्नाले भन्नाले यसप्रकार परिभाषित गरिन्छ :**

  कोभिड-१९ का लागि नमुना परिक्षणको नतिजाको निश्कर्ष आइनसकेको वा कोभिड-१९ स्क्रिनिंगबाट शंकास्पद संक्रमित भन्ने पहिचान भएको तर कोभिड-१९ नै हो भन्ने यकिन भइनसकेको ।

- **शंकास्पद संक्रमित भन्नाले यसप्रकार परिभाषित गरिन्छः**

  ज्वरो (१००.४•F) भन्दा बढीवा खोकि वा श्वासप्रश्वासमा समस्या आएको र कोभिड-१९ को स्थानीय संक्रमण पुष्टि भएको स्थानमा बसोबास भएको वा त्यस्तो स्थानको यात्रा गरी फर्किएको वा कोभिड-१९ का सम्भावित वा शंकास्पद वा संक्रमण निश्चित भएका व्यक्तिहरुसँग निकट सम्पर्कमा रहेको वा अस्पतालमा भर्ना गर्न आवश्यक भएको तर कोभिड-१९ संक्रमण बाहेक भर्ना हुनाको अन्य कारण पुष्टि हुन नसकेको ।

- **संक्रमण सुनिश्चित भएको भन्नाले यसप्रकार परिभाषित गरिन्छ :**

  क्लिनिकल लक्षण तथा चिन्हहरु भए वा नभएता पनि प्रयोगशालाबाट संक्रमण पुष्टि भएका व्यक्तिहरु ।

- **क्वारेन्टाईन भन्नाले यसप्रकार परिभाषित गरिन्छ :**

  बिरामी नभएको र कुनै पनि लक्षण नदेखिएको व्यक्ति तर बिरामीवा संक्रमित क्षेत्र संग सम्पर्कमा आएको हुनाले रोग देखिन सक्ने उच्च जोखिमलाई मध्यनजर गर्दै सो व्यक्तिलाई निश्चित समय सम्म अरुबाट टाढा राख्ने व्यवस्था।

- **आइसोलेशन भन्नाले यसप्रकार परिभाषित गरिन्छ :**

  संक्रमण पुष्टि भइसकेको र सम्भावित केशले अरूलाई संक्रमण सार्न सक्ने भएकाले छुट्टै कक्षमा राखी उपचार गर्ने व्यवस्था ।

## ७) आम जनसमुदायलाई अनुरोध र सुझावहरुः-

हाल विश्व महामारीको रुपमा रहेको कोभिड-१९ रोगबाट बच्न आवश्यक सावधानी अपनाएर एक जिम्मेवार नागरिकको कर्तव्य निभाउनु हामी सबैको दायित्व हो तसर्थ लकडाउनको पालना गरौं, सामाजिक दुरी कायम गरौं र संक्रमणबाट आफु पनि बचौं, अरुलाई पनि बचाऔं।

**अन्त्यमा सदाझै यहाँहरूको अमूल्य सुझाब र सहयोगको अपेक्षा गर्दछौं।**

**धन्यवाद !**

प्रवक्ता (कोभिड-१९)

डा. पुरुषोतम राज सेढाई